उदयपुर जिल्लाको उदयपुरगढी नेपालटारमा निर्धन उत्थान लघुवित्त वित्तिय संस्थाद्वारा

# ब्यवसायिक गाई/भैंसीपालन तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त संस्था लिमिटेडले संस्थाका ३१ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७६ कार्तिक २१ गते देखि २३ गतेसम्म उदयपुर जिल्लाको उदयपुरगढीको वडा नं. ६ नेपालटारमा **"ब्यवसायिक गाई/भैंसीपालन तालिम"** सम्पन्न गरेको संस्थाका मुर्कुची शाखा कार्यालयका शाखाप्रमुख श्री माधव प्रसाद गौतमले जानकारी गराएका थिए । यस तालिममा तीन बाहिरी विशेषज्ञ सहित शाखा प्रमुख श्री माधव प्रसाद गौतम र क्षेत्रिय कार्यालय कार्यक्रम अधिकृत श्री हरेराम राउत प्रशिक्षकका रुपमा रहेका थिए ।

लघु उद्यमीलाई विकास गर्न र एक परिवारमा एक जना उद्यमी बनाउन पहल गरीरहेको संस्थाले साढे दुई दसकदेखि निरन्तर लघुवित्त सेवा दिईरहेको र यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नतितिर अगाडि बढेको समेत संस्थाका क्षेत्रिय कार्यालय कार्यक्रम अधिकृत श्री हरेराम राउतले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्धेश्य बारेमा संस्थाको मुर्कुची शाखाका प्रमुख श्री माधव प्रसाद गौतमले प्रकाश पारेका थिए ।

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

निर्धन उत्थान लघुवित्त वित्तीय संस्था देशको ७७ वटै जिल्लाहरुमा शाखा सञ्जाल रहेको नेपालको नेपालको एक मात्र सबैंभन्दा ठुलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटा शाखाहरु, १० वटा क्षेत्रिय कार्यालय र केन्द्रिय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी लघुवित्त सेवा प्रदान गरिरहेको छ । संस्थाले ग्रामिण क्षेत्रमा बसोबास गर्ने शोषित,उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समुहमा आवद्ध गराई विना धितो लगानी गर्नुका साथै सीपमुलक तालिम,उद्यमशील विकास तालिम, वित्तिय साक्षरता र सचेतना मूलक कार्यक्रमहरु संचालन गर्दै आर्थिक, सामाजिक,वौद्धिक विकास गर्दै आई रहेको छ । संस्थाले देशको अति दुर्गम स्थानहरुमा पनि शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आई रहेको छ । संस्थाले २०७६ आश्विन मसान्तसम्ममा ३ लाख ६४ हजार ९ सय ३९ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । २०७६ आश्विन मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. २० अरब १३ करोड ६९ लाख रहेको छ भने ग्राहक सदस्यहरुको ११ अरब ६५ करोड ०२ लाख बचत परिचालन गरेको छ ।



भैंसीपालनको परिचय,गाई/भैंसीपालनको महत्व, नेपालमा पालिने विभिन्न स्थानीय तथा उन्नत नश्लका गाई/ भैंसीको जातिय परिचय,कमी कमजोरी,संरक्षण तथा विकास, दुग्ध उत्पादनमा गाई/भैंसी छनौट गर्ने प्रक्रिया र यसको महत्व गाई/भैंसीको भाले खोज्ने उमेर, भाले खोजेको समय पत्ता लगाउने, भाले लगाउने उत्तम समय र पहिचान गर्ने तरीका । रोगी तथा निरोगी गाई/ भैंसीको पहिचान गर्ने तरिका, रिपिट ब्रिडर्स, गर्भपतन, डिसटोकिया, प्रोल्याप्स रोगका

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 

मुख्य मुख्य कारण,लक्षण,उपचार तथा रोकथामका उपायहरु, गाई/भैंसी पालन विधि,उमेर र अवस्था अनुसार गाई/भैंसी, बाच्छा बाच्छी, पाडा पाडीलाइ भई(ठांउ)को आवश्यकता तथा स्थानीय श्रोत साधनको प्रयोग गरी उन्नत गोठ निर्माण गर्ने तरिका बारे जानकारी, ब्याउने गाई/भैंसी, दुहुना गाई/भैंसी तथा बाच्छा र बाच्छी, पाडा र पाडीको हेरचाहको साथै बिगौती दुध र यसको महत्व बारेमा जानकारी, दुहुना गाई/भैंसीको लागी हरीयो घांस तथा सन्तुलीत दानाको महत्वको साथै स्थानीय श्रोतबाट उपलब्ध कच्चा पदार्थहरुको प्रयोग गरी सन्तुलीत दाना बनाउने प्रविधि बारेमा जानकारी, दुधालु गाई/भैंसीको लागि बर्षैंभरि हरीयो घांस उत्पादन गर्ने तरिका बारेमा जानकारी, उन्नत/गाई भैंसी पालन ब्यवसायको योजना तर्जुमा र अभिलेख राख्ने तरिका र यसको महत्व । गाई र भैंसीपालन ब्यवसायको बजार ब्यवस्थापन, बचत परिचालन र बचतका फाईदाहरु संस्थाका सेवाहरुको बारेमा यस तालिममा सहभागीहरुले जानकारी हासिल गरेको मुर्कुची शाखाका शाखा प्रमुख श्री माधव प्रसाद गौतमले बताएका थिए । ब्यवसायीक रुपमा गाई भैंसीपालन गर्न ईच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गरी ब्यवसायिक सफलताको लागि सहभागी गराईएको संस्थाका क्षेत्रिय कार्यालय बर्दिबासका कार्यक्रम अधिकृत श्री हरेराम राउतले जानकारी गराएकाथिए ।

तालिमको अन्त्यमा सहभागीहरुको तर्फबाट श्री उर्मिला भट्टराई, र श्री सरिता कार्कीले मन्तब्य राखेका थिए । ब्यवसायिक रुपमा गाई/भैंसीपालन गरी आम्दानी बृद्धि गर्न तालिमले हौसला प्रदान गरेको र तालिममा सिकेका विषयहरुलाई ब्यवसायमा प्रयोग गरि ब्यवस्थित र आधुनिक तरिकाले ब्यवसाय संचालन गर्ने सहभागिहरुले बताएका थिए ।

Copyright © 2019, Nirdhan Utthan Laghubitta Bittiya Sanstha Limited. All rights reserved. 